मुख्य समाचार।

- पहलगाम आतङ्की हमलाका दोषीहरूलाई कठोरतम जवाब दिइने
- राष्ट्रीय अन्वेषण अभिकरणले गऱ्यो पहलगाम आतंकी हमलाको जाँच औपचारिक रूपले आफ्नो हाथमा लिने प्रक्रिया शुरू
- सरकारले किसान र कृषि क्षेत्रलाई सशक्त बनाउनमा प्राथमिकता दिएको उपराष्ट्रपतिको भनाई
- सिक्किमका राज्यपालले मानिसहरूलाई राज्य स्थापनाको पचास बर्षलाई जोश ,उत्साह र उत्सवको रूपमा मनाउने दिनुभयो परामर्श अनि
- पूर्व उप सेना प्रमुख र **बम्बे सेपर्सका कर्नल कमान्डेन्ट लेफ्टीनेन्ट जनरल एस पट्टा भिरामन**-को हिजो भयो निधन

समाचार विस्तारमा।

**21 फाइनल प्रधानमन्त्री मन की बात**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले जोड दिँदै भन्नुभएको छ, पहलगाम आतङ्की हमलाका दोषीहरू र यसको सड्यन्त्र रचनेहरूलाई कठोरतम जवाब दिइनेछ। आकाशवाणीमा मन की बात कार्यक्रममा देशलाई सम्बोधित गर्दै श्री मोदीले यस महीनाको बाह तारीखमा पहलगाम-मा भएको आतङ्की हमलामा दुख व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, यो हमलाले आतङ्कवादका आकाहरूको हताशा र कायरतालाई दर्शाउँछ। उहाँले भन्नुभयो, कश्मीरमा शान्ति फर्किनु, लोकतन्त्र बलियो हुनु र पर्यटकको संख्यामा रेकर्ड वृद्धिले भारत र जम्मू-कश्मीरको दुश्मन खुशी थिएन्न्। श्री मोदीले भन्नुभयो, आतङ्कवादी र आतङ्क-का आकाहरूले कश्मीरलाई फेरी तबाह गर्नका लागि यो सड्यन्त्र रच्यो ।

प्रधानमन्त्रीले भन्नुभयो आतङ्कवादका विरूद्ध यस लड़ाईमा सबैभन्दा ठूलो ताकत देशको एकता र एक सय चालिस करोड़ भारतीयहरूको एकजुटता हो।

**एनआईए पहलगाम हमला**

राष्ट्रीय अन्वेषण अभिकरण (N.I.A) ले गृह मन्त्रालयको आदेश पछि पहलगाम आतंकी हमलाको जाँच औपचारिक रूपले आफ्नो हाथमा लिने प्रक्रिया शुरू गरेको छ । एन.आई.ए-को टीमले बुधवार देखी हमला भएको ठाउँमा डेरा हालेको छ र सबूतको खोजी गरिरहेको छ। एन.आई.ए-ले आफ्नो बयानमा भनेको छ, **आई.जी, डी.आई.जी र एस.पी रेङ्कका** अधिकारीको रेखदेखमा टीमले काम गरिरहेको छ । यो टीमले **बैसरन घाटीमा** भएको हमलालाई आफ्नो आँखले देख्नेहरूसंग विस्तारमा सोधखोज गरिरहेको छ । यो हमलालाई हालैमा कश्मीरमा भएको सबैभन्दा गम्भीर आतङ्की हमला मध्ये एउटा मानिएको छ । आतङ्कीको काम गर्ने तरीकाको पत्तो लगाउन , एन.आई. ए – को टीमले प्रवेश र निकास मार्गको गहन जाँच गरिरहेको छ ।
**समाचार आखाशवाणीबाट सुन्दैहुनुहुन्छ।**

**उप राष्ट्रपति-तमिलनाडु कृषि विश्वविद्यालय दौरा**
उपराष्ट्रपति श्री जगदीप धनखड़ले भन्नुभयो , प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्वमा सरकारले किसान र कृषि क्षेत्रलाई सशक्त बनाउनमा प्राथमिकता दिएको छ । आज तमिलनाडु कृषि विश्वविद्यालयमा एउटा कार्यक्रमलाई सम्बोधित गर्दै उहाँले भन्नुभयो, किसान समुदायको लाभका लागि केही कल्याणकारी योजनाहरू चलाइदैछ । उहाँले विशेष रूपले प्रधानमन्त्री किसान योजनाको उल्लेख गर्नुभयो, जो किसानका लागि लाभकारी रहेको छ। उप-राष्ट्रपतिले भन्नुभयो, साल दुई हजार सैतालिस सम्म भारतलाई तिस ट्रिलियन डलरको अर्थव्यवस्था बनाउनका लागि सबै क्षेत्रमा आर्थिक सुधार जरूरी छ । उहाँले करपोरेट जगतबाट कृषि सम्बन्धीत गतिविधीहरूमा निवेश गर्ने अपील गर्नुभयो।
यस अघि उपराष्ट्रपति र उहाँकी पत्नीले ‘एक पेड़ माँ के नाम’ अभियान अन्तर्गत वृक्षारोपण गर्नुभयो ।

**सिक्किम राज्यपाल**

सिक्किमका राज्यपाल श्री ओम प्रकाश माथुरले भन्नुभएको छ, सिक्किमवासीहरूले जैविक कृषि, स्वच्छता, आतिथ्य जस्ता राज्यको चिन्हारीलाई यथावत राखेर विकासको दिशातर्फ अघि बढ्नुपर्छ। राज्यपालले मानिसहरूलाई राज्य स्थापनाको पचास बर्षलाई जोश, उत्साह र उत्सवको रूपमा मनाउने परामर्श दिनुभएको छ। यस अवसरमा आयोजना गरिने कार्यक्रमबारे आकाशवाणी गान्तोकका सम्वाददाता मानस प्रतिम शर्माद्वारा लिइएको अन्तर्वातामा श्री माथुरले भन्नुभयो।

स्मरण रहोस् सोह्र मई उन्नाइस सय पचहत्तर सालमा सिक्किम, बाइसौं राज्यको रूपमा भारतीय संघमा विलय भएको थियो।

यसै बीच राज्यपाल माथुरले आज राजस्थानको अलवरस्थित **विवेकानन्द स्मारक प्रांगणमा** E-पुस्तकालयको लोकार्पण गर्नुभयो। वर्ष दुई हजार बाइसमा आफू राज्यसभा सांसद हुँदाको समयमा राज्यपाल स्वयंले यो आधुनिक E-पुस्तकालय भवनको निर्माण सांसद स्थानीय क्षेत्र विकास योजनाअन्तर्गत गर्नुभएको थियो। उहाँले शिक्षा र नवाचारलाई प्राथमिकता दिने दिशामा यो महत्त्वपूर्ण योगदान दिनुभएको थियो।

यहाँ पुस्तक, फर्नीचर, कम्प्यूटर एवं अन्य उपकरणहरू केन्द्रिय वन, पर्यावरण, जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले सांसद कोष र V शक्ति ट्रस्टबाट उपलब्ध गराउनुभएको हो। पछि अलवरको प्रताप **अडिटोरियममा** सम्पन्न कार्यक्रममा श्री माथुरलाई उहाँको योगदानको कदर गर्दै नागरिक अभिनन्दन जनाइयो।

**16 बांग्लादेश – चुनाव**

बांग्लादेशको एउटा गैर-सरकारी Think-Tank, नीति वार्ता केन्द्र-सी.पी.डी –ले चेतावनि दियो , यदि समयमा चुनाव गराइदैन भने देशमा हुने निवेशले गम्भीर चुनौतीको सामना गर्नुपर्नेछ। ढाकामा आज एउटा **सङ्गोष्ठीमा सी.पी.डी**-मा प्रतिष्ठित **फेलो प्रोफेसर मुस्तफिजुर रहमान**-ले भन्नुभयो यदि चुनावमा ढिलाई हुन्छ भने राजनीतिक अनिश्चित्ता बढ्न सक्छ। यसले निवेशकहरूको विश्वास डगमगाउन सक्छ। उहाँले वियतनाम संग तुलना गर्दै भन्नुभयो , दक्षिण-पूर्व एशियाई देशहरूले प्रत्यक्ष विदेशी निवेशद्वारा तीन सय साठ्ठी अरब डलर प्राप्त गरेको छ भने, बांग्लादेशले केवल बाइस अरब डलर नै आकर्षित गर्न सकेको छ।

**28 महाराष्ट्र नड्डा**

स्वास्थ्य मन्त्री श्री जगत प्रकाश नड्डाले भन्नुभयो , भारतले ठूलो स्तरको उपचार केन्द्रको स्थापना र समयमा रोग निदानलाई बढावा दिनमा ध्यान केन्द्रित गर्नका साथ केन्सरको उपचारमा महत्वपूर्ण प्रगति गरिरहेको छ। उहाँले प्रतिष्ठित मेडिकल **जर्नल द लैन्सेटको** एउटा रिपोर्टको उल्लेख गर्दै भन्नुभयो, सरकारको प्रयासले भारतमा केन्सरको नब्बे प्रतिशत रोगी निदानको तिस दिन भीत्र शुरु गर्दैछ , जो विश्व स्तरमा एउटा रेकर्ड हो। श्री नड्डाले महाराष्ट्रका छत्रपति **संभाजीनगरको** सरकारी केन्सर अस्पतालको अत्याधुनिक **टू बीम यूनिटको** शुभारम्भ र विस्तारित केन्सर संस्थानको उद्धाटनको अवसरमा भन्नुभएको हो। श्री नड्डाले भन्नुभयो, नयाँ टू बीम प्रणाली केन्सरका रोगीहरूलाई सटीक र प्रभावशाली उपचारमा सहायक हुनेछ।

**सेना उप प्रमुख**

पूर्व उप सेना प्रमुख र **बम्बे सेपर्सका कर्नल कमान्डेन्ट लेफ्टीनेन्ट जनरल एस पट्टा भिरामन**-को हिजो नीलगिरी जिलाको वेलिङ्गटन-को सैन्य अस्पतालमा निधन भएको छ। उहाँ अठहत्तर वर्षको हुनुहुनथ्यो। साँस लिनमा कठिनाईका कारण, पछिलो केही दिनदेखी उहाँ अस्पतालमा भर्‍ना हुनुहुनथ्यो। आज पूरा सैन्य सम्मानका साथ उहाँको अन्तिम संस्कार गरियो।

**संशो ईरान विस्फोट हादसा**

ईरानको दक्षिणी भागमा स्थित शहीद राजाई बन्दरगाहमा भएको भीषण **विस्फोटमा पचीस जनाको मृत्यु भएको छ भने आठ सय भन्दा** अधिक मानिस घाइते भए। यो जानकारी ईरानको सरकारी मीडिया द्वारा दिइएको हो।

मुख्य समाचार फेरी एकपल्ट

- पहलगाम आतङ्की हमलाका दोषीहरूलाई कठोरतम जवाब दिइने
- राष्ट्रीय अन्वेषण अभिकरणले गऱ्यो पहलगाम आतंकी हमलाको जाँच औपचारिक रूपले आफ्नो हाथमा लिने प्रक्रिया शुरू
- सरकारले किसान र कृषि क्षेत्रलाई सशक्त बनाउनमा प्राथमिकता दिएको उपराष्ट्रपतिको भनाई
- सिक्किमका राज्यपालले मानिसहरूलाई राज्य स्थापनाको पचास बर्षलाई जोश , उत्साह र उत्सवको रूपमा मनाउने दिनुभयो परामर्श अनि
- पूर्व उप सेना प्रमुख र **बम्बे सेपर्सका कर्नल कमान्डेन्ट लेफ्टीनेन्ट जनरल एस पट्टा भिरामन**-को हिजो भयो निधन।